**प्रशासन** मंसिर २०८०, वर्ष ५५, अङ्क २, पूर्णाङ्क १३८, २७-४१
©२०८० सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v55i2.63536
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

# स्थानीय आर्थिक विकासको वातावरण बनाउन के गर्ने ?

**नेत्र सुवेदी "प्रयास"**‡

## लेखसार

यस लेखमा स्थानीय आर्थिक विकासको नीतिगत तथा कार्यक्रमगत प्राथमिकता एवम् सीप विकास तथा सदुपयोगको अवस्था सम्बन्धमा वि सं २०७७ देखि २०७९ को अवधिमा स्थानीय तहका राजनीतिक पदाधिकारी एवम् कर्मचारीहरुसँग गरिएको अलग अलग दुई अध्ययनबाट प्राप्त भएका निष्कर्षहरु समेटिएको छ। दुवै अध्ययनमा अध्ययन विधिको रुपमा समूह छलफल र प्रश्नावलीको प्रयोग भएको छ। अध्ययनबाट प्राप्तनिष्कर्षका आधारमा भन्नुपर्दा फुटकररुपमा विभिन्न कार्यक्रमले स्थानीय आर्थिक विकाससँग सरोकार राखेको देखिएपनि स्पष्ट नीतिगत खाका र संरचनागत पहल भने भएको भेटिएन। त्यस्तै सीपमूलक जनशक्तिको माग र आपूर्तिबीच खाडल छ। यो अध्ययनले स्थानीय आर्थिक विकासको लागि सबै स्थानीय तहहरुले आआफ्नो क्षेत्रमा सम्भावना विश्लेषण गरी कृषि, उद्यम विकास र पर्यटन गतिविधिमा सबै पक्षबाट सहयोग जुटाउनुपर्ने निष्कर्ष निकालेको छ भने सीप विकासतर्फ सीपको नक्शाङ्कन गरी व्यवसायिक योजना विकास गर्न समेत सिकाई रोजगारी तथा आय वृद्धिको प्रत्याभूति गर्नुपर्दछ।

*शब्दकुञ्जी :* स्थानीय आर्थिक विकास, नीतिगत खाका, संरचनात्मक पहल, सीप नक्शाङ्कन, व्यवसायिक योजना।

## विषय प्रवेश

नेपालको सन्दर्भमा स्थानीय तहहरुले आफ्ना नीति तथा कार्यक्रम तर्जुमा गर्दा वा कार्यान्वयनमा लैजादा आर्थिक आयामलाई के कसरी समेट्नुपर्दछ र स्थानीय तहहरुमा यी विषयमा के कस्तो झुकाव वा प्राथमिकता दिने गरिएको छ भन्ने सम्बन्धमा अध्ययन गरियो। साथै सीपयुक्त जनशक्तिको आवश्यकता र

---

‡ *सहसचिव, नेपाल सरकार*

*इमेलः netra.prayas@gmail.com*

हाल स्थानीय तहमा रहेको उपलब्धताको विषयमा समेत अध्ययन भयो। लेखकबाट सङ्घीयता कार्यान्वयनका क्रममा भएको स्थानीय चुनावपछिको तेश्रोदेखि पाँचौ वर्षको अवधिमा स्थानीय तहमा ती दुईवटा लघु अध्ययन भएका थिए। कुन स्थानीय तहलाई अध्ययनमा समावेश गर्ने भन्ने विषय अध्ययनकर्ताले स्वनिर्धारण गरेको स्वविवेकीय चयन विधि थियो। पहिलो अध्ययनमा स्थानीय तहहरुले हाल लागू गरेका नीति कार्यक्रम तथा स्थानीय तहको आर्थिक विकासको सम्भावना सम्बन्धमा बढी केन्द्रित थियो भने दोश्रो अध्ययनले स्थानीय बजारमा माग भएका सीपहरुमा स्थानीय तहभित्र जनशक्ति उपलब्धताको अवस्था र सीप विकास कार्यक्रमको अहिलेको प्रवृत्ति सम्बन्धमा अध्ययन गरिएको थियो। ती अध्ययनबाट प्राप्त विवरणलाई विश्लेषण गरी प्राप्त नतिजालाई समेत आधार मानी स्थानीय आर्थिक विकासको हालसम्मको अवस्था र त्यसभित्र पनि प्रमुख सीपयुक्त जनशक्तिको अवस्था सम्बन्धमा यस आलेखमा चर्चा गरिएको छ।

एउटा सन्दर्भबाट लेखको शुरुवात गरौं। स्वीडेनका विद्यालयमा पढ्ने विद्यार्थीहरुले सानातिना संरचना बनाउन, विग्रेको चिज मर्मत गर्न, घरको वाइरिङ्ग, प्लम्विङ्ग लगायतका काम गर्न सक्छन्। इन्जिनियरिङ्ग अध्ययन गरेकाहरुले घर डिजाइन मात्र गर्दैनन् आफ्नो लागि घर आफै तयार गर्न सक्छन्। वास परियोजनामा समुदायमा भिजेर काम गरेका र पटकपटक युरोपेली राष्ट्र स्वीडेन, जर्मनी लगायतका थुप्रै विकसित देशहरुको अवलोकन भ्रमण गरिसकेका युवा व्यक्तित्व आनन्द गौतम भन्छन् हाम्रो ज्ञान र सीप सिकाई नै अधुरो खालको छ। हामी अक्षर बढी सिकाउँछौ तर आवश्यकता भने व्यावहारिक सीपको छ। (आनन्द, २०८०)

अर्को शव्दमा भन्नुपर्दा उसको जीवनको गुणस्तरमा सुधार हुन्छ। समाजमा उसको स्थान बलियो हुन्छ र अरुलाई सहयोग गर्न सक्ने अवस्थामा पुग्दछ।सीपयुक्त व्यक्तिको जीवनमा समस्या नै पर्दैन भन्ने त होइन तर कतिपय समस्याहरु हल भएर जाने हुँदा जीवनमा सरलता देखापर्दछ। थोरै थोरै गरी धेरै आर्जन सम्भव हुने र समग्रमा आत्मनिर्भरता दिने शक्ति पनि रोजगारीमा अन्तरनिहित हुन्छ। आफै लगानी गरी सम्भव तुल्याइएको स्वरोजगार होस् वा अरु कुनै रोजगारदाताले दिएको रोजगारीकै माध्यमबाट नै किन नहोस् व्यक्ति, परिवार, समाज र देशकै लागि काम गर्ने व्यक्तिले नै योगदान गरिरहेको हुन्छ।

स्थानीय तहहरुका कार्यक्रमहरु र कार्यप्रगतिलाई नियाल्दा आयआर्जन हुने र स्थानीय आर्थिक विकासका लागि सहयोगी हुने कार्यक्रम कि त सञ्चालनमा छैन कि त सञ्चालनमा भएपनि सफल छैन वा प्रभावकारी छैन। सञ्चालनमा रहेको र सफल रहेको उदाहरण विरलै मात्र भेटिन्छ। यस्तो हुनु पक्कै पनि सुखद विषय होइन।स्थानीय तहमा गतविगतमा जे जस्ता कारणले अर्थव्यवस्थामा परेका व्यवधानबाट पाठ सिकेर आगामी दिनमा अलि सिर्जनात्मक र कामायवीढङ्गले काम अगाडि वढाउनुपर्ने देखिन्छ। अबको कृषि पेशा, अबको उद्यम र अबको समग्र अर्थव्यवस्था सम्बन्धमा सबै सरोकारवालाले गम्भीर भएर सोच्नुपर्ने र व्यवहारमा उत्रनुपर्ने अवस्था छ। यसो गर्दा स्थानीय आर्थिक विकासको लागि नीतिगत खाका दिने कार्य सङ्घीय तहबाटै हुनुपर्दछ। सङ्घीय तहबाट जारी भएका गरिबी निवारण तथा रोजगारी सिर्जना सम्बन्धी नीति समेतका आधारमा स्थानीय आर्थिक विकासका गतिविधि सञ्चालन सम्बन्धी कार्यविधिका साथै स्थानीय आर्थिक विकास सम्बन्धी स्वमूल्याङ्कन कार्यविधि कार्यान्वयनमा आउनु जरुरी छ।

नेपालमा स्थानीय आर्थिक विकासको नीतिगत र कार्यगत खाका सम्बन्धमा हालसम्मको प्रगति समीक्षालाई संक्षिप्तरुपमा तालिका १ मा देखाइएको छ।

**तालिका १. स्थानीय आर्थिक विकासका लागि सङ्घीय तहबाट भएका कार्यको समीक्षा**

| हालसम्म भएका कार्यहरु | हुन बाँकी कार्यहरु |
|---|---|
| • स्थानीय आर्थिक विकास सम्बन्धी स्वमूल्याङ्कन कार्यविधि तयार भएको<br>• नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० पारित भएको<br>• राष्ट्रिय र प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको<br>• सोह्रौं योजनाको अवधारणापत्रमा समेत प्रदेश र स्थानीय तहको आर्थिक विकासको विषय समेटिएको। | • तीनैतहमा रहनुपर्ने योजना तथा रणनीतिक खाका एवम् संरचनाका सम्बन्धमा स्पष्ट र वाध्यकारी व्यवस्था (समिति शाखा र सम्पर्क व्यक्ति) हुनुपर्ने।<br>• राष्ट्रिय तहमै जागरण अभियान सञ्चालन गर्न सबै खालका समूहलाई उत्पादन तथा वजार श्रृङ्खलासँग आवद्ध गरिनुपर्ने।<br>• प्रदेश र स्थानीय तहका उत्पादनमूलक कार्यक्रममा सङ्घीय तहबाट समेत साझेदारी हुनु आवश्यक। |

*स्रोत :* सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय तहले गरेका कामहरुलाई नियाल्दा स्थानीय उत्पादनलाई स्वदेशकै मुख्य वजारहरुको पहुँचमा पुऱ्याउने सुनियोजित र औपचारिक प्रयत्न समेत कमै मात्र भएका छन्। कुनै कुनै स्थानीय तहबाट केही वस्तुहरुको देशवाहिर पनि निर्यात भएको छ तर गुणस्तर र स्केलको कमी हुँदा दिगोपना कायम गर्न नसकेको अवस्था छ। उदारहणको लागि नेपालभित्रै उत्पादन र उपभोग हुने गरेको पेय पदार्थको कुरा गरौं। **स्थानीय पेय पदार्थ**लाई ब्राण्डिङसहित आकर्षक प्याकेजिङ गर्दा सामुदायिक उत्पादनको रुपमा प्रवर्द्धन हुन सक्ने देखिन्छ। साथै उत्पादन र वजारीकरण समेत भइसक्दा विदेशबाट आयात हुने ब्राण्डेड पेय पदार्थको मात्रा घट्न जाने जस्तो सकारात्मक नतिजा देखापर्नेछ। यस्तै खालका अन्य थुप्रै वस्तुहरुको उत्पादन र वजारीकरण हुन सकेमा स्थानीय मात्र हैन राष्ट्रिय अर्थतन्त्रमा समेत टेवा पुग्ने देखिन्छ।

## सान्दर्भिक साहित्यको पुनरावलोकन (Literature Review)

स्थानीय आर्थिक विकास एउटा त्यस्तो प्रक्रिया हो जसबाट दिगो विकासका लागि अनुकूल वातावरण तयार हुन्छ, साना तथा मझौला उद्यम विकास र विस्तार सम्भव हुन्छ र मर्यादित श्रम र मानवीय विकास प्रवर्द्धन सम्भव हुन्छ (Mahat, 2021)।

अन्तराष्ट्रिय श्रम संगठनको सहयोगमा रामेछाप र धनुषा जिल्लामा नेपालमा स्थानीय आर्थिक विकास:आर्थिक वृद्धि र रोजगारीका माध्यमबाट शान्ति स्थापना नामक कार्यक्रम सन् २००७-२०१० को अवधिमा कार्यान्वयनमा रहेको थियो। उक्त कार्यक्रमले मूलत: स्थानीय आर्थिक विकास मञ्चको माध्यमबाट सार्वजनिक निजी साझेदारीमार्फत विपन्न परिवारलाई सक्षम बनाउने उपायको खोजी र प्रयोग गरिएको थियो भने पहिचान भएका लक्षित परिवारलाई सीप विकास, बजार पहुँचमा सहयोग पुऱ्याइएको थियो, मूल्य श्रृङ्खला निर्माणका साथै स्थानीय पर्यटन र कृषि व्यवसायका माध्यमबाट ग्रामीण भेग र सहरवीच प्रभावकारी अन्तरसम्बन्ध स्थापित गर्ने कार्य भएको थियो। जम्मा १९ करोड ४७ लाख खर्च भएको उक्त कार्यक्रम सफल भएको कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको छ।

## सम्भावनाको खोजी

मुलुकभरी रहेका ७५३ वटा स्थानीय तहहरुका आआफ्नै सम्भावना र चुनौतिहरु रहेका छन्। केही समस्याहरु साझा पनि हुन सक्छन्। त्यस्तै साझा सम्भावना भएका तहहरुवीच सहकार्यको पनि गुन्जायस रहन पनि सक्छ। धेरै कामले खर्चको माग गर्दछन् र खर्चका लागि आवश्यक पर्ने स्रोतका लागि आमदानीको स्रोत बढाएर जानुको विकल्प छैन।

स्थानीय जनजीवन, संस्कृति पनि आफैमा सम्पत्ति नै हो। त्यस्ता खालका स्थानीय मौलिक कला, संस्कृतिको अध्ययन र संरक्षण गर्नुपर्दछ। जस्तो कि आदिवासी जनजातीको रुपमा रहेका मगर, गुरुङ, राई, लिम्बु लगायतका समुदायको कला, संस्कृति एवम् चालचलनको संरक्षण र सम्बोधन गर्नका लागि सामुदायिक होमस्टे तथा संग्रहालयको विकास गर्न सकिन्छ।प्राकृतिक पानीका मुहान, खोलानाला एवम् विभिन्न प्राकृतिक साधन र श्रोतहरुको तिनको उचित व्यवस्थापन र सदुपयोग पनि उत्तिकै महत्वपूर्ण छ। सिंचाईको सम्भावना भएको क्षेत्रमा सिञ्चाई नहर र कुलो बनाई खाद्यान्न र तरकारी खेती बढाउन सकिन्छ। ट्रेकिङ्ग तथा हाइकिङ्गको रुट विकास गरेर आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न सकिन्छ। पर्यटकीय सम्भावना भएका स्थानहरु र धार्मिक सांस्कृतिक पहिचान रहेका सम्पदाको उचित संरक्षण र प्रचार प्रसार गर्न सकिन्छ। बहुमूल्य जडीबुटीहरुको व्यवसायिक खेती तथा जडीबुटी उद्योग सञ्चालन साथै गर्न सकिन्छ। पार्क निर्माण तथा हरित क्षेत्रको विकास गरी पर्यापर्यटन प्रर्वद्धन हुन सक्छ। कृषिलाई उद्योगसँग आवद्ध गर्ने सम्भावनाको प्रयोग आवश्यक छ। कृषि उपजको उचित बजारीकरणका लागि कृषि एम्बुलेन्सको व्यवस्था, कृषि उपज सङ्कलन तथा बिक्री केन्द्रको व्यवस्था गर्नुपर्दछ। कृषि उत्पादन उपलब्धता सम्बन्धी सूचना पनि सार्वजनिक गर्ने प्रणाली विकास गर्न सकिन्छ। गाउँपालिका क्षेत्रमा पर्यटकीय होटल, रिसोर्ट तथा पार्कको पहिचान र निजी क्षेत्रलाई लगानीका सहकार्यको मोडल विकास गर्न सकिन्छ। पर्यटन गुरुयोजना तर्जुमा गरी गतिविधि सञ्चालन गर्न सकिन्छ। उदाहरणको लागि भरतपुर महानगरपालिकाले सन् २०२४ लाई भरतपुर भ्रमण वर्ष घोषणा गरी विभिन्न गतिविधि गर्दै आएको छ। त्यस्तै हाट बजार, पशु, बधशाला, शवदाहगृह सञ्चालन गर्न सकिन्छ। विदेशबाट फर्केकाले आर्जन गरेको सीप र दक्षताको आधारमा उद्यम तथा व्यवसायमा आवद्ध गर्न रिटर्नी फाउण्डेसनसँग सहकार्यसम्भव हुन्छ। यसो गर्दा वातावरण विग्रन दिनुहुँदैन।

## पहिलो अध्ययन

**अध्ययनको विषय : स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन, २०७८**

अध्ययन भएको स्थानीय तह: ८ वटा स्थानीय तह

अध्ययनकर्ता : लेखक स्वयम्

अध्ययन विधि : स्थानीय तहमा पुगी राजनैतिक पदाधिकारी तथा जिम्मेवार कर्मचारीसहितको उपस्थितिमा स्थानीय आर्थिक विकास सम्बन्धी प्रस्तुतीकरण गरी प्रश्नावलीको आधारमा सामुहिकरुपमा र केही सहभागीसँग व्यक्तिगतरुपमा सोधपुछ गरी धारणा सङ्कलन गर्ने। यसमा प्राथमिक तथ्याङ्क तथा जानकारी

सङ्कलन भएको थियो भने स्थानीय तहबाट प्रकाशित स्मारिकालाई समेत द्वितीयक तथ्याङ्कको स्रोतको रुपमा लिइएको थियो। अध्ययन गरिएका स्थानीय तहहरु यसप्रकार रहेका थिए :
१. उत्तरगया गाउँपालिका, रसुवा, २. विदुर नगरपालिका, नुवाकोट ३. थाक्रे गाउँपालिका, धादिङ्ग४. गौरीगंगा नगरपालिका, कैलाली ५.रत्ननगर नगरपालिका, चितवन ६. कोन्जोसोम गाउँपालिका, ललितपुर७. कानेपोखरी गाउँपालिका, मोरङ्ग ८. मध्यविन्दु नगरपालिका, नवलपरासी सुस्ता पूर्व स्थानीय आर्थिक विकासको अवस्था विश्लेषण गर्नका लागि स्थलगतरुपमा स्थानीय तहमा पुगी तहाँ उपस्थित राजनैतिक र प्रशासनिक पदाधिकारीहरुसँग प्रस्तुतीसहित छलफल गरिएको थियो। स्थानीय आर्थिक विकासका विभिन्न चरणमध्ये प्रारम्भिक चरणमा आवश्यक पर्ने पूर्वाधार विकास, सीप सिक्ने अवसर र प्राविधिक शिक्षाको अवसरका साथै उत्पादित वस्तु विक्रीका लागि के कस्तो प्राथमिकता छ, न्यूनतम प्रवन्ध छ कि छैन भन्ने सम्बन्धमा प्रश्नावलीको आधारमा उपस्थित सहभागीहरुबाट प्राप्त भएका विवरणको आधारमा चारवटा स्थानीय तहहरुको संक्षिप्त विश्लेषण तालिका २ मा प्रस्तुत गरिएको छ।

**तालिका २. स्थानीय आर्थिक विकासका लागि आधारहरुभूत पक्षहरु**

| स्थानीय तह | आवधिक योजना | | सबै वस्तिमा विजुली | | सबै वडा कार्यालयसम्म सडक सुविधा | | कृषि र उद्यममा अनुदान | | सीपमूलक तालिम | | साना तथा मझौला उद्यम | | प्राविधिक शिक्षा | | बजारीकरणको प्रवन्ध | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| कानेपोखरी गाउँपालिका | | ✓ | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | | ✓ |
| कोन्ज्योसोम गाउँपालिका | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | | ✓ |
| विदुर नगरपालिका | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | | ✓ |
| रत्ननगर नगरपालिका | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |

*स्रोत : स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन, २०७८*

माथि तालिका १ मा देखाइएको आधारभूत विवरण हेर्दा अध्ययनमा समावेश गरिएका ४ वटा स्थानीय तहहरु मध्ये २ गाउँपालिका र २ नगरपालिका छन्। विश्लेषणका लागि आधार लिइएका ८ वटा विषयमध्ये ८ वटैमा सकारात्मक अवस्था रहेको स्थानीय तह रत्ननगर नगरपालिका हो।विदुर नगरपालिकामा बजारीकरणको प्रवन्ध हालसम्म नभएको, कानेपोखरी गाउँपालिकामा आवधिक योजना तयार नभएको तथा वजारीकरणको प्रवन्ध नभएको देखिन्छ भने ललितपुर जिल्लामा पर्ने कोञ्जोसोम गाउँपालिकामा पनि बजारीकरणको कार्य भैनसकेको देखिन्छ। यति हुँदाहुँदै पनि विश्लेषण गरिएका चारवटै स्थानीय तहमा विजुली, सडकको सुविधा, व्यावसायिक कार्यका लागि केही न केही अनुदानको प्रवन्ध, सीप विकास तथा उद्यमशीलता विकासका लागि पहल तथा प्राविधिक धारका विद्यालयहरु सञ्चालन प्रारम्भ हुनु सकरात्मक विषय नै हो। *(स्थानीय आर्थिक विकास सम्वन्धी अध्ययन, २०७८)।*
अध्ययन १ अन्तर्गत अध्ययन गरिएका स्थानीय तहहरु मध्ये सर्वेक्षणमा प्रयोग गरिएको अनुसूचीको प्रश्नावलीबाट सामूहिकरुपमा सोधेर प्राप्त विवरणलाई प्रशोधन गरी तीनवटा स्थानीय तहहरुको विवरणलाई यसप्रकार संक्षेपीकृत गरिएको छ :

**उत्तरगया गाउँपालिका, रसुवा**

रसुवा जिल्लाका ५ वटा स्थानीय तह (गाउँपालिकामात्र)मध्ये उत्तरगया गाउँपालिका एक हो। यो नुवाकोटको विदुर नगरपालिकासँगै जोडिएको छ। यो पालिकाले आफ्नो विकासको सोँचलाई दिशानिर्देश गर्नका लागि वि.सं. २०७४ बाट निर्वाचित गाउँसभाले "सभ्य समृद्ध उत्तरगया हाम्रो शान, कृषि जलस्रोत पर्यटन विकासको अभियान" भन्ने नारा तय गरेको थियो। (स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन, २०७८) कृषि तथा पशुपालन फर्महरुलाई प्राविधिक सेवा पुऱ्याउन गाउँपालिकाले प्राथमिकता दिएको छ। आलु, मकै, धान, बाख्रापालन, भैंसीपालन, कुखुरापालन, बंगुरपालनका लागि समेत गाउँपालिकाबाट सहयोग प्राप्त भएको सहभागीहरुले बताउनुभयो। साथै वहाँहरुकै अनुसार नेपाली कागज र ढाका कपडा सम्बन्धी उद्योग सञ्चालनको सम्भावना यो स्थानीय तहमा रहेको छ। प्राविधिक शिक्षाको रुपमा कम्प्युटर साइन्सको पढाइ हुने गरेको छ। उत्तरगया धाम पर्यटकीय आकर्षणको रुपमा विकसित हुन सक्ने र चिराइतो तथा लोक्ता खेती गरी बिक्रीबाट आम्दानी बढ्न सक्ने सम्भावनाका सम्बन्धमा समेत अध्ययनमा सहभागीहरुले विचार राख्नुभएको थियो। *(स्थानीय आर्थिक विकास सम्वन्धी अध्ययन, २०७८)।*

**थाक्रे गाउँपालिका, धादिङ्ग**

धादिङ जिल्लामा पर्ने १३ स्थानीय तह (२ नगरपालिका र ११ गाउँपालिका) मध्ये काठमाण्डौ मुग्लिङ सडकसँगै जोडिएको गाउँपालिका हो थाक्रे गाउँपालिका। २५ वर्ष अवधिको सौंचपत्र समेत तयार पारेको यो पालिकामा डकर्मी, सिकर्मी, प्लम्विङ, वेल्डिङ लगायतका अन्य समसामयिक सीपविकासको लागि पर्याप्त सोधपुछ गरी चयन गर्ने, अभिमुखीकरण गर्ने, व्यवसायिक कार्ययोजना बनाउन सिकाउने लगायतका पक्षमा ध्यान दिई तालिम सञ्चालन गरिएको र हाल आफ्नो पालिकामा रहेका तालिमप्राप्त कामदारहरुले पालिकालाई पुग्ने भएतापनि उनीहरुमध्ये कतिपय गाउँपालिका वाहिर कार्यरत रहँदा यहाँ पनि बाहिरबाट पनि कामदार आउनुपर्ने अवस्था छ। कतिपय सीपमूलक तालिमहरु व्यवसायमा नउत्रेको यथार्थ यहाँ पनि देखिन्छ। जस्तो कि क्रिस्टल बनाउने तालिममा सर्वोत्कृष्ट भएकै सहभागीले उक्त सीपलाई व्यवसायसँग जोड्नुभएन।(स्थानीय आर्थिक विकास सम्वन्धी अध्ययन, २०७८) गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका व्यवसायिक फर्महरुको बारेमा उल्लेख गर्नुपर्दा वडा नं ११ को आग्रा महेश कृषि फर्म, वडा नं २ को दुग्ध उत्पादन सहकारी, वडा नं ८ को महाकालेश्वरी कृषि फर्म, बागमती ब्रिडिङ गोट फाराम, वडा नं ७ को ट्राउट माछापालन, वडा ७ कै कालो उँखु खेती र वडा ९ र १० को अदुवा खेतीलाई प्रमुखरुपमा लिइदो रहेछ। गाउँपालिकाभित्रकै महादेववेशी र सिम्लेमा हाटवजार लाग्ने गरेको छ। साथै गंगाजमुना झरना र मिनी लुम्बिनीको निर्माण र प्रवर्द्धनले पर्यटकीय क्रियाकलाप बढ्न गइ आयआर्जनमा सघाउ पुग्ने स्थानीय जनप्रतिनिधिहरुको दावी छ।

**गौरीगंगा नगरपालिका, कैलाली**

कैलालीका  स्थानीय तहमध्ये पूर्वपश्चिम राजमार्गको दुवैतिरको भूभाग समेटिएर बनेको ११ वडासहितको गौरीगंगा नगरपालिका पनि एक पर्न आउँछ। कृषि क्षेत्रको महत्व हुँदाहुँदै पनि सडक पूर्वाधार र भवन निर्माणका तुलनामा कृषिले पाएको प्राथमिकता कमजोर देखिन्छ। रोजगारमूलक सीप विकासको अवसरको कुरा गर्दा नगरपालिकाको आफ्नै कार्यक्रमबाट वर्षभरिमा  एक हजारभन्दा बढीले सीप सिकेको जानकारी प्राप्त भयो। नीति, कार्यक्रम तथा वजेट कार्यक्रमको कार्यान्वयनमा सहकारी संस्था र वन उपभोक्ता समूहसँग सहकार्य भएको भएतापनि उद्योगी तथा व्यापारीहरुको संस्था उद्योग वाणिज्य संघसँग भने सहकार्य भएको पाइएन। धान, तरकारी, घाँस, उन्नत पशु लगायतको बीउको लागि अनुदानको व्यवस्था गरी पकेट क्षेत्र निर्धारण गर्ने कार्य पनि प्रारम्भ भएको छ। नगरपालिका क्षेत्रमा खासगरी दाना उद्योग, प्लास्टिक तथा इटाका उद्योगहरु, बीऊ संरक्षण सम्बन्धी उद्योग, अगरवत्ती बनाउने

उद्योग सञ्चालनमा रहेको जानकारी पाइयो। त्यस्तै दुग्ध विकास संस्थानले पनि आफ्नो शाखा सञ्चालनमा ल्याउने तयारी भैरहेको छ। मातृ तथा बाल स्वास्थ्य, शिक्षा, खानेपानी, विपद् व्यवस्थापनका क्षेत्रमा प्रभावकारीरुपमा नै काम भएको दावी पदाधिकारीहरुको रहेछ। प्राविधिक शिक्षाका केही कोर्सहरु विद्यालयमा समावेश गरिनु, सीप विकास तालिम सञ्चालन हुनु र खेतीमा केही अनुदानको व्यवस्था हुनुले केही अर्थ राख्ने भएतापनि आर्थिक रुपान्तरणका लागि अन्य पालिकाका लागि नमूना बन्ने गरी काम हुन भने बाँकी छ।विशेषज्ञ सेवासहितको ५ दिने स्वास्थ्य महोत्सव गर्न सफल यो नगरपालिकाले खरको छाना विस्थापन गर्न प्रति घर रु ५०,००० सम्म खर्च गरेको छ। हालसम्म १३८ साना उद्यमीलाई रु ५० हजारसम्म अनुदान दिई प्रोत्साहन गरिएको र यदि २० जनाको समूह बनाएर कुनै सीपमूलक तालिमको माग गरी आएमा माग बमोजिम तालिम सञ्चालन गर्ने नीति लिएको पाइयो।

**मध्यविन्दु नगरपालिका, पूर्वी नवलपरासी**

पूर्व पश्चिम राजमार्गको दुवैतिर लाम्चो गरी फैलिएको पूर्वी नवलपरासीमा पर्ने एक स्थानीय तह हो मध्यविन्दु नगरपालिका। एक स्थानीय तह एक उत्पादन कार्यक्रम अन्तर्गत कागती र केरा खेती गरिएकोछ।लघु उद्यम विकास कार्यक्रम लागू भएको छ।कतिपय परियोजनामा निजी क्षेत्रसँग समेत सहकार्य हुने गरेको छ। सर्वेक्षण गरेको अवधिभित्र नगरपालिकाभित्र पशुपालन फर्म १६५ र कृषि फर्म ३१२ दर्ता भएका छन्।*(स्थानीय आर्थिक विकास सम्वन्धी अध्ययन, २०७८)* नगरपालिकाको दीर्घकालीन सोँचपत्र (Vision Paper) र आवधिक योजना प्रयोगमा रहेको छ। मध्यबिन्दु स्वरोजगार कार्यक्रम सञ्चालनमा रहेको र हालसम्म ६० जना लाभान्वित। बीमा फिर्ता उद्यमका लागि मध्य लगानी गर्न ADB सँग सहकार्य समेत भएको। २ वटा प्राविधिक शिक्षालय सञ्चालनमा रहेका छन्।१२० जति व्यक्तिले सरकारी/गैरसरकारी/निजीबाट तालिम दिने व्यवस्था गरेको छ।फोहोरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आई समयमा नै Recycle हुने गरेको छ।मध्यविन्दु स्तम्भ तथा रिफ्रेस्मेन्ट सेन्टरको परिकल्पना अनुसार डिपीआर तयारी भएको छ। हाटबजार ७ वटा सञ्चालनमा रहेका छन्।यसरी सारमा भन्नुपर्दा स्थानीय तहहरु आर्थिक विकासका लागि दीर्घकालीन सोँच (Vision), आवधिक योजना, आर्थिक सर्वेक्षण एवम् स्थानीय आर्थिक विकासको स्थायी संयन्त्र निर्माण तथा आर्थिक गतिविधि सम्बन्धी कार्यक्रम समावेश गर्नमा त्यति रुचि राखेको देखिदैन जबकी यी विषय महत्वपूर्ण आधार हुन्। पूर्वाधार विकासको अलावा सीप विकास, पकेट क्षेत्र स्थापना, उत्पादन अनुदान, बजारीकरणको पहलका फुटकर कामहरु नभएका होइनन्।

**निष्कर्ष:**

१. आर्थिक विकासका लागि पूर्वाधार निर्माण तथा अनुकूल खालको नीति वातावरणको आवश्यकता पर्दछ।

२. स्थानीय तहलाई अगाडि वढाउने भिजन तथा आवधिक योजनाका साथै योजना, बजेट तथा कार्यक्रम निर्माणमा तथा कार्यान्वयनमा समेत नागरिक सहभागिताको पनि विशेष अर्थ रहन्छ।

३. उत्पादनमा सरिक हुने वा त्यस्ता उद्यममा कामदारहरुले रोजगारी पाउने, आयआर्जन बढ्ने र उपभोग एवम् पोषण अवस्थामा सुधार हुने देखिन्छ।

४. सीपसिकाइबाट हुने फाइदाको कुरा गर्दा जब कुनै व्यक्तिले सीप प्राप्त गर्दछ उसले सीपसँग सम्बन्धित काम गर्न सक्छ जसले गर्दा ऊ कि त स्वरोजगार हुन्छ वा रोजगारी प्राप्त गर्दछ, उसको आयआर्जन वढ्छ र दिनचर्या परिवर्तन हुन्छ।

**सिफारिस:**

१. नगरपालिकाको पार्श्वचित्र समयमानै तयार तथा अद्यावधिक गर्ने, आवधिक योजनाको समीक्षा गर्ने तथा आवधिक योजनाको एउटा परिच्छेदका रुपमा स्थानीय आर्थिक विकासका विविध विषयहरु समेटिनु राम्रो हुन्छ।

२. मागअनुसारको स्तरीय र पर्याप्त सीपमूलक तालिमको व्यवस्था हुनु आफैमा महत्वपूर्ण कार्य हो। धर्मशाला, पुस्तकालय, सभागृह सञ्चालनमा ल्याउन सकिन्छ। वातावरण परीक्षण गराई ढुङ्गा,गिट्टी, बालुवा आदिको बिक्री वितरणबाट आम्दानी हुन सक्छ।

३. पहाडको ढुङ्गाको गुणस्तरको अध्ययन गरी सिमेन्टको लागि कच्चा पदार्थको रुपमा प्रयोग गर्न सकिने सम्भावना छ। पिकनिक स्थलको व्यवस्था र प्रचारप्रसार गरेर पनि आमदानी बढाउन सकिन्छ।

**अध्ययनको विषय : सीपयुक्त जनशक्ति विकास र उपयोग सम्बन्धी अध्ययन, २०७९**

**अध्ययन भएको स्थान: मकवानपुर जिल्लाका ४ वटा स्थानीय तह**

अध्ययनकर्ता : लेखक स्वयम्

अध्ययन विधि : स्थानीय तहमा पुगी राजनैतिक पदाधिकारी तथा जिम्मेवार कर्मचारीसहितको उपस्थितिमा सीप विकासको अवधारणा प्रस्तुतीकरण गरी प्रश्नावलीको आधारमा सामुहिकरुपमा र केही सहभागीसँग व्यक्तिगतरुपमा सोधपुछ गरी धारणा सङ्कलन गर्ने। यसमा प्राथमिक तथ्याङ्क तथा जानकारी सङ्कलन

भएको थियो भने स्थानीय तहबाट प्रकाशित स्मारिकालाई समेत द्वितीयक तथ्याङ्कको स्रोतको रुपमा लिइएको थियो।

विगतमा लघु उद्यम विकास कार्यक्रम सम्बन्धी निर्देशिका र स्रोत पुस्तिकामा केही सीपको सूची समावेश थियो। हाल आएर सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय आर्थिक विकास मूल्याङ्कन निर्देशिकाको मस्यौदामा ३० वटा प्रमुख सीपहरु समावेश छन् जुन यसप्रकार छन् : प्लम्बिङ्ग, हाउस वाइरिङ्ग विद्युतीकरण, वेल्डिङ्ग, भवननिर्माण, भवनको रंगरोगन, टाईल लगाउने, ढुङ्गा छपाई, फर्निचर निर्माण, राफ्टिङ्ग डोजरचालक, सवारी साधन मर्मत, कब्बल सडक निर्माण, पशुउपचार, साधारण थेरापी, साईकल तथा मोटरसाईकलमर्मत, फर्निचरनिर्माण, पुष्पव्यवसाय, सिलाईकटाई, कपालकाट्ने, मिथिला कला निर्माण, थाङ्का चित्र, गलैंचा बुनाई, अचार बनाउने, हाते कागज निर्माण, पाउरोटी बनाउने, मैनबत्ती बनाउने, ढाका बुनाई, घडी, रेडियो तथा मोबाईल मर्मत, अन्यविविध। (स्रोत: *स्थानीय आर्थिक विकास सम्बन्धी मूल्याङ्कन कार्यविधी, २०७८, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)*

दोश्रो अध्ययनमा मकवानपुर जिल्ला अन्तर्गतका चारवटा स्थानीय तह समेटिएको छ। यस अध्ययनमा स्थानीय तहमा आवश्यक पर्ने सीपहरुको पहिचान, विकास र प्रयोगको अवस्था सम्बन्धमा प्रश्नावलीको आधारमा विवरण सङ्कलन गरिएको थियो। विवरण सङ्कलन गर्दा प्रश्नावलीका आधारमा सामूहिक र व्यक्तिगत रुपमा विचारहरु सङ्कलन गरिएको थियो। अध्ययन गरिएका स्थानीय तहहरु यसप्रकार रहेका छन् :

१. कैलाश गाउँपालिका
२. इन्द्रसरोवर गाउँपालिका
३. बकैया गाउँपालिका
४. मनहरी गाउँपालिका
५. मकवानपुरगढी नगरपालिका

मकवानपुरका स्थानीय तहहरुले सीप विकास कार्यक्रमलाई आफ्नो नीति कार्यक्रम र वजेटमा के कसरी समेटेका छन् र के कसरी सीप विकासको कार्य अघि वढेको छ भन्ने सूचना सङ्कलन गर्नु नै अध्ययनको उद्देश्य रहेको थियो। यस अध्ययनमा समेत स्थानीय तहको कार्यालयमा पुगेर राजनैतिक तथा प्रशासनिक

पदाधिकारीहरुको सहभागिता रहने गरी प्रस्तुती एवम् छलफल गरी विवरण सङ्कलन गरिएको थियो। साथसाथै सहभागीमध्ये केहीबाट प्रश्नावलीमा आधारित सोधपुछ समेत गरी विवरणहरु सङ्कलन भएका थिए। अध्ययन गरिएका चारवटा स्थानीय तहको सीपयुक्त जनशक्ति विकास र उपयोग सम्बन्धी विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३. सीपको माग र उपयोग सम्बन्धमा तुलनात्मक विवरण**

| विश्लेषणका विषय | इन्द्रसरोवर | मकवानपुरगढी नगरपालिका | मनहरि | कैलाश |
|---|---|---|---|---|
| धेरै माग रहेका १० सीपहरु | प्लम्विङ्ग, बेकरी, कुक, डेरी, ड्राइभिङ्ग, जुत्ता सिलाउने, सवारी मर्मत, होजियारी, जडीबुटी प्रशोधन, मोवाइल मर्मत, पुष्पखेती। | बाँसकला, काष्ठकला, कुक, बेकरी, साबुन बनाउने, इटा/टायल बनाउने, कपाल काट्ने, पुष्प व्यवसाय, दुग्ध सामग्री बनाउने। | कपाल काट्ने, हाउस वायरिङ्ग, मोवाइल मर्मत, अचार बनाउने, टायल लगाउने, सवारी मर्मत उद्यमशीलता, मस्यौरा बनाउने, थान्का बनाउने, पुष्प व्यवसाय, दुनाटपरी बनाउने। | वायरिङ्ग, मोवाइल मर्मत, प्लम्विङ्ग, स्यानिटरी प्याड बनाउने, बेकरी, मोटरसाइकल मर्मत, सिलाइकटाई, ट्याक्टर मर्मत, कृषि पशुपालन, होजियारी। |
| पर्याप्तमात्रामा सीपयुक्त जनशक्ति रहेका सीप समूह | सवारी चालक (पुरुष), वोट चलाउने, स्काभेटर अपरेटर, सिकर्मी, डकर्मी। | ड्राइभिङ्ग, प्राविधिक जनशक्ति। | सिलाइबुनाई व्युटिपार्लर, डल बनाउने, ड्राइभिङ्ग (पुरुष), डोजर चलाउने (पुरुष)। | डकर्मी, सिकर्मी। |
| न्युन आयस्तर भएका | च्याउ खेती, होटल व्यवसाय, | लघु उद्यम, कृषि तथा | विदेश जानेलाई पनि सीप सिकाएर | शिक्षा, पशुपालन। |

| | | | | |
|---|---|---|---|---|
| घरपरिवारलाई अल्पकालमा आयआर्जनसँग जोड्न सकिने सीप | कृषिमा आधारित उद्यम। | पशुपालन। | पठाएमा कमाइ बढ्ने, इच्छा स्रोत र बजार हेरेर कुनै। | |
| सीप सिकेका व्यक्तिलाई स्थानीय तहमा अधिकतम उपयोग र सञ्चालन गर्न सकिने कार्यक्रमहरु | कोशेली घर स्थापना, कृषि उत्पादनलाई उद्योगसँग जोड्ने। जस्तो कि जुस कारखाना। | प्रविधि पूँजी माग सिर्जना। | वित्तीय स्रोतको व्यवस्था, छुटको व्यवस्था। | कुन सीप कहाँ कसरी सिक्ने भन्ने जानकारी र सीपयुक्त जनशक्तिलाई स्वरोजगार तथा रोजगारी प्राप्तिका लागि सहजीकरण। |
| विविध | तरकारी खेती र फलफूल खेतीको सम्भावना छ। शितभण्डार निर्माण र सञ्चालन। | दुध उत्पादन केरा र तरकारीमा अग्रणी। | तालिम दिने संस्थाले तालिमको घुम्ती सेवा सञ्चालन भए राम्रो। | पूर्वपश्चिम लोकमार्ग र सदरमुकाम हेटौडा जोड्ने सडक बाह्रैमैना चल्ने हुनुपर्दछ। |

*स्रोत : सीपयुक्त जनशक्ति विकास र उपयोग सम्बन्धी अध्ययन, २०७९*

माथि तालिका ३ मा उल्लेख भएका विवरणहरु देख्दा विवरणात्मक छन् तथापि ती विवरणले हाल ती पालिकाको सीपको आवश्यकता र प्रयोगका सम्बन्धमा जानकारी प्राप्त गर्न सकिन्छ। वेरोजगारहरुको तथ्याङ्क सङ्कलन र आंशिक रोजगारीका लागि हरेक स्थानीय तहमा तथ्याङ्क प्रणाली छन्। जस्तै इन्द्रसरोवर गाउँपालिमा सूचीकृत बेरोजगार ६४८ मध्ये आ.व. २०७८/७९ मा १२६ जनाले छोटो अवधिको रोजगारी पाएको जानकारी प्राप्त भयो।

१. अध्ययनको निष्कर्ष निश्चित खाका नभएको कारण स्थानीय तहहरुले गर्दै आएका पहलमा एकरुपता छैन।

**सिफारिसः**

१. कुन कुन सीपयुक्त जनशक्ति कुन स्थानीय तहमा छन् र ती स्थानीय तहमा खाँचो रहेका सीप कुनमा कति भनेर वर्गीकृत तथ्याङ्क राख्ने र तत् तत् स्थानीय तहका वेबसाइटमा र कुनै सूचना प्रणालीमा उपलब्ध गराउन सकेमा मात्र माग र आपूर्ति बीच उचित सन्तुलन ल्याउन सहयोगी हुने देखिन्छ।
२. विकासका विभिन्न पात्रहरुले विभिन्न कार्यक्रमका नाममा सीप विकास कार्यक्रम सञ्चालन गर्ने तर तालिम पाएपछि उद्यम वा व्यवसाय वा रोजगारीमा आवद्ध हुने वातावरण बनाउन स्थानीय तहहरुले स्थानीय आर्थिक विकासका गतिविधिलाई सुनियोजित रुपमा सञ्चालन गर्नु आवश्यक छ।
३. अहिले आएर स्थानीय तहहरुले आफ्नो सन्दर्भमा मुख्य सीपको सूचीलाई आधार मानेर आ आफ्ना अत्यावश्यक सीपको सूची बनाउनु पर्ने देखिन्छ।

## उपसंहार

यस लेखमा समावेश केही स्थानीय तहको सन्दर्भमा गरिएका दुईवटा लघु अध्ययनको निष्कर्षले सबै स्थानीय तहहरुलाई स्थानीय आर्थिक विकास र सो अन्तर्गत पनि सीपको विकास र सदुपयोग सम्बन्धमा गम्भीर हुनुपर्ने देखाएका छन्। अध्ययनका क्रममा विवरण उपलब्ध गराउने स्थानीय तह सम्वद्ध पदाधिकारी एवम् कर्मचारीमा कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा यस अध्ययनमा समेटिएका र नसमेटिएका सबै स्थानीय तहहरुले आर्थिक विकासका गतिविधिमा प्राथमिकता पूर्वक अग्रसर हुने वातावरण तयारीका लागि सङ्घीय तहको मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम र स्थानीय तहको नेतृत्वसमक्ष आग्रह गर्नु उपयुक्त नै होला।

आर्थिक गतिविधिलाई प्रेरित गर्ने, उत्पादन बढाउने, सीपको माग र सीप विकास बीच सम्बन्ध स्थापित गर्ने, रोजगारी र आय बढाउने, स्थानीय तहको आम्दानीमा योगदान पुग्ने खालका नीति, कार्यक्रम, क्रियाकलाप आवश्यक रहेको तर्फ अध्ययनको निष्कर्षले इङ्गित गरेका छन्। दोश्रो पटकको स्थानीय तहको निर्वाचनबाट प्राप्त जनमतलाई आफ्नो नीति कार्यक्रम कार्यशैली र कार्यव्यवहार मार्फत प्रत्याभूत

गर्ने क्रममा आर्थिक विकासको एजेण्डाले प्राथमिकता पाउने अवस्था सिर्जना हुनुपर्ने अध्ययनकर्ताको सिफारिस रहेको छ।

## सन्दर्भ सूची

Angner, E. (2023). *How economics can save the World*. UK

Otteson ,J. R. (2021). *Seven deadly economic sins: Obstacles to prosperity and happiness every citizen should know*. Cambridge University Presss.

Giancarlo, C. (2001). *Overview and learned lessons on local economic development*. Human Development and Decent Work.

Mahat, M. S. (2021). Local economic development approach for achieving sustainable development goals of Nepal. *Sahabhagita, 21*(1).

सुवेदी, नेत्र "प्रयास" (२०७९), *सीपयुक्त जनशक्ति विकास र उपयोग सम्बन्धी अध्ययन (२०७९)*।

सुवेदी, नेत्र "प्रयास" (२०७८), *स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन (२०७८)*।

*लघु उद्यम विकास कार्यक्रम (२०७५)*, लघु उद्यम विकास मोडल सहयोगी पुस्तक, धोविघाट, ललितपुर।